# राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड

## खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

लोक सेवा आयोगबाट मिति २०८०/१२/३० मा सहमति प्राप्त भए बमोजिम यस कम्पनीमा रिक्त रहेका देहायका पदहरु खुला तथा समावेशी प्रतियोगिताबाट स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०७४ बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ । दरखास्त फाराम कम्पनीको वेबसाइट www.rpgcl.com/pages/hr-notices बाट डाउनलोड गरी निर्दिष्ट स्थानमा हालसालै खिचिएको पासपोर्ट साईजको फोटो टाँस गरी दरखास्त साथ आफुले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभव र नेपाली नागरिकताको प्रमाणपत्रहरुको प्रतिलिपि एक एक प्रति संलग्न गरी कम्पनीको कार्यालय, बुटवल पावर कम्पनी (BPC) भवन, बुद्धनगरमा बुझाउनु पर्नेछ। परीक्षा दस्तुर रकम प्रभु बैंकमा रहेको राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको चल्ती खाता नं. ३५१७०८९६४४८०००१८ मा जम्मा गरी सोको सक्कलै भौचर दरखास्त साथ संलग्न गर्नुपर्नेछ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको अर्को दिन कार्यालय समय भित्र दरखास्त बुझाउन सकिनेछ । लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा/ समूह | किसिम | पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | १/०८०-८१ | अधिकृत (प्रशासन) | ७ | प्रशासन/प्रशासन | खुला | १ (एक) |
| २. | २/०८०-८१ | अधिकृत (लेखा) | ७ | प्रशासन/प्रशासन | खुला | १ (एक) |
| ३. | ३/०८०-८१ | इन्जिनियर | ७ | इन्जिनियरिङ्ग/सिभिल | खुला | १ (एक) |
| | ४/०८०-८१ | | | | महिला | १ (एक) |
| ४. | ५/०८०-८१ | इन्जिनियर | ७ | इन्जिनियरिङ्ग/इलेक्ट्रिकल | खुला | २ (दुई) |
| | ६/०८०-८१ | | | | महिला | १ (एक) |
| ५. | ७/०८०-८१ | इन्जिनियर (सर्भे) | ७ | इन्जिनियरिङ्ग/विविध | खुला | १ (एक) |
| ६. | ८/०८०-८१ | अधिकृत (वातावरण) | ७ | इन्जिनियरिङ्ग/विविध | खुला | १ (एक) |
| ७. | ९/०८०-८१ | वरिष्ठ सहायक (प्रशासन) | ५ | प्रशासन/प्रशासन | खुला | १ (एक) |
| ८. | १०/०८०-८१ | वरिष्ठ सहायक (लेखा) | ५ | प्रशासन/प्रशासन | खुला | १ (एक) |
| ९. | ११/०८०-८१ | सब इन्जिनियर | ५ | इन्जिनियरिङ्ग/सिभिल | खुला | १ (एक) |
| १०. | १२/०८०-८१ | सब इन्जिनियर | ५ | इन्जिनियरिङ्ग/इलेक्ट्रिकल | खुला | १ (एक) |

**परीक्षाको किसिमः-** लिखित, सामुहिक छलफल/कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः-** काठमाडौं ।

**दरखास्त बुझाउने स्थानः-** राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको कार्यालय, बुटवल पावर कम्पनी (BPC) भवन, बुद्धनगर, काठमाडौं ।

**संलग्न गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले शैक्षिक योग्यता र नागरिकताको प्रमाण पत्रका साथै समावेशी समूह खुल्ने कागजात आवश्यक भएमा सोको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य पेश गर्नुपर्नेछ । पेश भएका कागजात उम्मेदवार स्वयमले प्रमाणित गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८१/०१/२७ र दोब्बर दस्तुर तिरी २०८१/०२/०३ सम्म बुझाउन सकिनेछ ।

**उम्मेदवारको उमेरको हदः-**

- सातौं तहका पदको हकमा मिति २०८१/०१/२७ सम्म २१ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको तर महिला र अपाङ्गता भएका उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।
- पाचौं तहका पदको हकमा मिति २०८१/०१/२७ सम्म १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको तर महिला र अपाङ्गता भएका उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।

**तलव तथा सेवा, सुविधाः-** कम्पनीको नियम अनुसार ।

**लिखित परीक्षा मितिः-** लोक सेवा आयोगबाट निर्धारण भए बमोजिम हुनेछ ।

**परीक्षा दस्तुरः-** प्रत्येक विज्ञापनका लागि देहाय अनुसार परीक्षा दस्तुर बुझाउनु पर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप प्रत्येक समूहका लागि थप दस्तुर बुझाउनु पर्नेछ ।

| तह | परीक्षा दस्तुर | प्रत्येक थप समावेशी समूहका लागि थप दस्तुर |
|---|---|---|
| ७ | रु. १,२००।- (एक हजार दुई सय) | रु. ४,००।- (चार सय) |
| ५ | रु. ७,००।- (सात सय) | रु. २,००।- ( दुई सय) |

**विज्ञापन सम्बन्धी विशेष सूचनाः-** सम्मानीत सर्वोच्च अदालतबाट रिट नं ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम आवश्यक कानूनी व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ ।

**आवश्यक न्यूनतम योग्यताः**

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०७४ को विनियम १७ बमोजिम अयोग्य नभई देहाय बमोजिमको शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ ।

१. प्रशासन सेवा, प्रशासन समूह, तह ७, अधिकृत (प्रशासन) पदका लागिः- मान्यता प्राप्त शैक्षिक संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

२. प्रशासन सेवा, प्रशासन समूह, तह ७, अधिकृत (लेखा) पदका लागिः- मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन, व्यापार प्रशासन वा अर्थशास्त्रमध्ये कुनै मूल विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कुनै विषयमा स्नातक तह र चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरेको ।

३. इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, तह ७, इन्जिनियर पदका लागिः- मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

४. इन्जिनियरिङ्ग सेवा, इलेक्ट्रिकल समूह, तह ७, इन्जिनियर पदका लागिः- मान्यता प्राप्त शैक्षिक संस्थाबाट इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

५. इन्जिनियरिङ्ग सेवा, विविध समूह, तह ७, इन्जिनियर (सर्भे) पदका लागिः- मान्यता प्राप्त शैक्षिक संस्थाबाट सर्भे वा जियोम्याटिक्स इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

६. इन्जिनियरिङ्ग सेवा, विविध समूह, तह ७, अधिकृत (वातावरण) पदका लागिः- मान्यता प्राप्त शैक्षिक संस्थाबाट वातावरण इन्जिनियरिङ्गमा स्नातक वा वातावरण विज्ञान वा वातावरण व्यवस्थापन विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण ।

७. प्रशासन सेवा, प्रशासन समूह, तह ५, वरिष्ठ सहायक (प्रशासन) पदका लागिः- मान्यता प्राप्त शैक्षिक संस्थाबाट माध्यमिक तह कक्षा १२ (एस.एल.सी.ई) वा सो सरह उत्तीर्ण ।

८. प्रशासन सेवा, प्रशासन समूह, तह ५, वरिष्ठ सहायक (लेखा) पदका लागिः- मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन, व्यापार प्रशासन वा अर्थशास्त्रमध्ये कुनै मूल विषयमा माध्यमिक तह कक्षा १२ (एस.एल.सी.ई) वा सो सरह उत्तीर्ण ।

९. इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, तह ५, सब इन्जिनियर पदका लागिः- मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा डिप्लोमा वा माध्यमिक तह कक्षा १२ (एस.एल.सी.ई) वा सो सरह उत्तीर्ण ।

१०. इन्जिनियरिङ्ग सेवा, इलेक्ट्रिकल समूह, तह ५, सब इन्जिनियर पदका लागिः- मान्यता प्राप्त शैक्षिक संस्थाबाट इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा डिप्लोमा वा माध्यमिक तह कक्षा १२ (एस.एल.सी.ई) वा सो सरह उत्तीर्ण ।

**द्रष्टव्य**

१. अपाङ्गता भएका उम्मेदवारले समाज कल्याण परिषदबाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि संलग्न राखी दरखास्त दिनुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ ।

२. प्रत्येक सेवा अन्तर्गत खुल्ला तथा समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिइनेछ ।

३. समावेशी समूहमा फाराम भर्ने उम्मेदवारले विज्ञापन अनुसारका प्रत्येक समूहका लागि दरखास्त फारामको पहिलो पाना छुट्टा छुट्टै भर्नुपर्नेछ । साथै उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ तर रोल नम्बर र प्रवेश पत्र भने एउटै मात्र प्रदान गरिनेछ । आवश्यक विवरण नखुलाउने उम्मेदवारलाई परीक्षामा समावेश गराईने छैन ।

४. एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारले आफूले पेश गर्ने आवश्यक कागजातहरुको प्रत्येकको १/१ प्रति मात्र बुझाए पुग्नेछ ।

५. दोब्बर दस्तुरको अवधिलाई उमेर, शैक्षिक योग्यता र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

६. तोकिएको म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

७. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरी सकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

८. दरखास्त स्वीकृत वा अस्वीकृत गर्ने अन्तिम अधिकार पदपूर्ति समितिमा निहित हुनेछ ।

९. परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

१०. प्रस्तुत सूचनामा समावेश नभएका विषयहरुको हकमा कम्पनीको कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

११. विज्ञापित पदहरुको पाठ्यक्रम कम्पनीको वेबसाइट www.rpgcl.com/pages/hr-notices बाट प्राप्त गर्न सकिनेछ ।

१२. दरखास्त सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र फो.न. ०१-४६१०१०३ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।